"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

# धरान उपमहानगरपालिका
## DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- ६४२८

मितिः २०७८।०१।१३

**विषयः** निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा धरान उपमहानगरपालिकाका नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा मिति २०७८।०१।१३ गते बसेको सर्वपक्षीय बैठकबाट विद्यालयको परीक्षा सञ्चालन सम्बन्धमा देहायका निर्णयहरु भएकाले सोहि बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

तपसिलः

१. कोरोना सङ्क्रमणको अवस्थालाई समेत मध्यनजर गर्दै पूर्व निर्धारित परीक्षाका कार्यक्रमहरुमध्ये कक्षा ५ देखि माथिका सबै कक्षाका मुख्य ५ विषयहरु (नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक) को परीक्षा वैसाख १८ गतेभित्र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्दै सम्पन्न गरिसक्ने र अन्य विषयहरु आन्तरिक मूल्याङ्कनबाट निर्णय गर्ने ।

२. कक्षा ५ भन्दा तल्ला कक्षामा सबै विषयहरु आन्तरिक मूल्याङ्कनबाट निर्णय गर्ने ।

३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।१।६ को आदेश बमोजिम सबै शैक्षिक संस्थाहरुमा परीक्षा बाहेक भौतिक रुपमा सञ्चालन हुने शैक्षिक गतिविधिहरु (ट्युशन,कोचिङ, तयारी कक्षा आदि) पूर्ण रुपमा बन्द गर्ने ।

...........................

रत्नबहादुर कटुवाल

उपसचिव (अधिकृतस्तर दशौं)

रत्नबहादुर कटुवाल
नि. प्रमुख प्रशासकिय अधिकृत

<u>बोधार्थः</u>

श्री प्रशासन महाशाखा, धरान उपमहानगरपालिकाः- पत्रानुसार कार्यान्वयनका लागि सबै वडा कार्यालयहरुमा सूचना सम्प्रेषण गरिदिनुहुन ।

श्री सूचना शाखा, धरान उपमहानगरपालिका :- पत्र website मा अपलोड गरिदिनुहुन ।

education@dharan.gov.np